# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ४ चौमाला, कैलाली भाद्र २४ गते बुधवार, २०७७ साल (संख्या ४)

## भाग - ३

## आपतकालीन महिला तथा बालबालिका संरक्षण कोष सञ्चालन कार्यविधि, २०७७

गौरीगङ्गा नगरपालिका भित्र आपतकालीन एवंम जोखिम अवस्थामा रहेका महिला तथा बालबालिकाहरुको संरक्षण, उद्धार, पुर्नस्थापना, हकहितको संरक्षण, सम्बर्द्धन, तत्काल राहत उपलब्ध गराउने कार्य सहज र प्रभावकारी बनाउन एक कोषको आवश्यकता भएकोले,

नेपालको संविधान २०७२ मर्मलाई आत्मसाथ गर्दै स्थानीय सरकार संचालन ऐन २०७४, दफा १०२ उपदफा (२) को अधिकार प्रयोग गरी आपतकालिन महिला तथा बालबालिका संरक्षण कोष सञ्चालन कार्यविधि, २०७७ तयार गरी जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क) यो कार्यविधिको नाम " आपतकालिन महिला तथा बालबालिका संरक्षण कोष संचालन कार्यविधि, २०७७" रहेको छ।

ख) यो कार्यविधि नगर कार्यपालिकाको बैठकले स्वीकृत गरेको मितिदेखि तुरुन्त लागू हुनेछ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-**

क) "कोष" भन्नाले यस कार्यविधिको ४ (चार) नम्बर बुदामा उल्लेख गरे बमोजिम स्थापना गरिएको आपतकालिन महिला तथा बालबालिका संरक्षण कोष सम्झनुपर्दछ।

ख) “नगरपालिका” भन्नाले गौरीगङ्गा नगरपालिका लाई सम्झनुपर्दछ ।

ग) “आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका महिला तथा बालबालिका” भन्नाले कार्यविधिको १० नं. बुंदामा उल्लेखित अवस्थालाई सम्झनुपर्दछ ।

घ) “कोष सञ्चालक समिति” भन्नाले कार्यविधिको ५ नं. बुंदामा उल्लेख गरेबमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ ।

**३. महिला तथा बालबालिका संरक्षण कोष उद्देश्य**

क) आपतकालिन तथा जोखिममा अवस्थामा रहेका महिला तथा बालबालिकाको उद्दार गर्ने,

ख) आपतकालिन तथा जोखिम अवस्थामा रहेका महिला तथा बालबालिकाहरुलाई राहत उपलब्ध गराउने,

ग) आपतकालिन तथा जोखिममा रहेका महिला तथा बालबालिकालाई पारिवारिक पुर्नस्थापना गर्ने,

घ)जोखिममा रहेका महिला तथा बालबालिकालाई मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचार सहयोग गर्ने,

ङ) आपतकालिन तथा जोखिम अवस्थामा रहेको महिला तथा बालअधिकार संरक्षण र सम्बर्द्धनको सुनिश्चितता गर्ने,

च) आपतकालिन अवस्था रहेका महिलाहरुलाई अस्थाई आवास (सेफ हाउस) तथा सिप विकास तालिमहरु संचालन गर्न

४. **कोषको स्थापनाः-** गौरीगङ्गा नगरपालिका आपतकालीन तथा जोखिममा रहेका महिला तथा बाल बालबालिका संरक्षण कोषको स्थापना गरिनेछ र यस कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

क) गौरीगङ्गा नगरपालिकाले बजेट मार्फत विजियोजन गरेको रकम,

ख) विभिन्न संघ-संस्था वा ब्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

ग) कोषमा अन्य कुनै स्रोतहरुबाट प्राप्त हुने रकम,

**५. कोष सञ्चालक समितिको गठनः-** कोषको ब्यवस्थापन, सञ्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमको एक सञ्चालक समिति रहनेछ ।

क) नगर प्रमुख - कोषको संरक्षक

(ख) नगर उपप्रमुख - संयोजक

ग) नगर कार्यपालिकाले नगर कार्यपालिका सदस्यबाट मनोनित १ जना महिला

सहित २ जना - सदस्य

घ) नगर कार्यपालिकाले नगर सभा सदस्यबाट मनोनित १ जना महिला सहित २ जना - सदस्य

ङ) कानून शाखा प्रमुख -सदस्य

च) सामाजिक शाखा अन्तर्गत महिला तथा वालवालिका हेर्ने सम्पर्क व्यक्ति - सदस्य सचिव

६. **कोष सञ्चालक समितिको काम, कर्तब्य र अधिकारः** सञ्चालक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) जोखिम अवस्थामा रहेका महिला तथा बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने एवम् त्यस्ता महिला तथा बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै मलिला तथा बालबालिका जोखिम अवस्थामा भए वा नभएको एकीन गर्ने,

(ग) कार्यपालिकाबाट स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(घ) कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) महिला तथा बालबालिका संरक्षण समितिसँग मिलेर जोखिम अवस्थामा रहेका महिला तथा बालबालिकाको जोखिमपूर्ण अवस्था सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(च) नगरपालिकाले दिएको निर्देशन पालना गर्ने

(छ) महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(ज) कोष वृद्धिको लागि आवश्यक नीति र रचनात्मक क्रियाकलाप सञ्चालन गर्ने ।

(झ) प्रत्येक ६ महिनामा कार्यप्रगति विवरण नगरपालिकाको कार्यालयमा पेश गर्ने,

(ञ) कोषको आय-व्ययको विवरण अद्यावधिक गरी नगरपालिका महिला तथा बालबालिका संरक्षण समितिमा पेश गर्ने,

च) आपतकालिन अवस्थामा रहेकामा रहेका महिला तथा बालबालिकाको संरक्षणका लागि अन्य आवश्यक काम गर्ने,

छ) कोषको बृद्धिमा सहयोग गर्ने संघ-संस्था वा ब्यक्तिको विवरण अद्यावधिक गर्ने,

(ज) तत्काल उद्धार गर्न आवश्यक रहेका महिला तथा बालबालिकाको जीउज्यान सुरक्षा गर्न संरक्षण गृह (Safe House) सञ्चालन गर्न ।

झ) कोषको रकम हिनामिना गर्ने वा कोषको उदेश्य विपरित समितिका कुनै सदस्य वा अन्य कुनै ब्यक्तिलाई कारबाहीका लागि नगरपालिकामा सिफारिस गर्ने ।

(ञ) आपतकालिन अवस्थामा महिला तथा बालबालिकाको तत्काल उदार तथा संरक्षण गर्ने सहयोग जुटाउन र समन्वय गर्न ।

(ट) नियमानुसार लेखापरीक्षण गराउने ।

७. **कोष सञ्चालक समितिको बैठक** : आपतकालिन अवस्थाका महिला तथा बालबालिकाहरुको संरक्षणको लागि समितिको कार्यालयमा परेका निवेदन वा प्राप्त जानकारी उपर छलफल र निर्णय गर्न सञ्चालक समितिको बैठक देहाय बमोजिम बस्नेछ ।

क) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यक्ता अनुसार बस्नेछ ।

ख) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछन् । निजको अनुपस्थितिमा समितिको ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

घ) सञ्चालक समितिको निर्णय सदस्य-सचिवले प्रमाणीत गरी सुरक्षित एवं अद्यावधिक राख्नेछ ।

८.**राहत तथा आर्थिक सहयोग उपलव्ध गराउन रकमको हद र आधार** :

क) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा रकममा नबढ्ने गरी उपलव्ध गराउने छ ।

१) पीडितलाई तत्काल उद्धार गर्न सवारी साधन प्रयोग गर्नुपर्ने भएमा सार्वजनिक सवारी साधनको हकमा यात्रा गर्दा लाग्ने भाडा रकम र निजी सवारी साधन भाडामा लिई प्रयोग गर्नुपर्ने भएमा एक दिनको बढीमा चार हजार पाँच सय सम्म र पीडितलाई खाजा खाना वापत् प्रतिदिन पाँच सयका दरले बढीमा ३ दिनकोलागि,

२) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार तथा खाजा खानाको व्यवस्था गर्नु पर्ने भएमा अस्पताल आउँदा जादा लाग्ने सवारी साधन प्रयोग तथा खाना खाजा व्यवस्था गर्नुपर्ने भए बुदा नम्बर (१) बमोजिम, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा ३ दिनको बास खर्च वापत् प्रति दिन आठ सय रुपैँया र उपचार खर्च बढीमा पाचँ हजार सम्म,

३) कानूनी सहायता, मनोबैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैँयामा नबढने गरी लागेको यथार्थ खर्च,

४) पीडित महिला तथा बालबालिकालाई आर्थिक, सामाजिक र मनोवैज्ञानीक तवरले क्षेमता अविवृद्धी गराउनकालागि तालिम सञ्चालन गर्न समितिको निर्णय अनुसारको रकम,

५) पनर्स्थापनाका लागि बढीमा पाँच हजार रुपैंया,

६) सेफहाउमा संचालनका लागि आवश्यक सम्पुर्ण व्यवस्था गर्न समितिको निर्णय वमोजिमको रकम,

७) सञ्चाक समितिले तोके बमोजिमका अन्य कामका लागि कामको प्रकृती  हेरी बढीमा दश हजार रुपैंया,

ख) बुदा नम्बर (क) बमोजिमको रकम अपर्याप्त भएमा मनासिब आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा समितिले त्यस्तो पीडितलाई पाँच हजार नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

**९. तत्काल रकम उपलब्ध गराउन सक्नेः**

क) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई तत्काल उद्धार औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा समितिका संयोजकले सो प्रयोजनका लागि कोषबाट पञ्चीस हजार रुपैंयामा नबढने गरी मनासिब रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

ख) बुदा नं. (क) बमोजिमका अवस्थामापरी समितिका संयोजकबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइए पछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१०. आपतकालीन एवं जोखिम अवस्थाका महिला तथा बालबालिका अन्तरगत देहायका महिला तथा बालबालिका पर्दछनः-**

क) जोखिमपूर्ण श्रममा संलग्न रहेका,

ख) यौनशोषण, यौन र्दुब्यवहार, बेचविखन वा ओसार पसारमा परेका,

ग) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता र्दुब्यवहारबाट पिडित,

घ) अपांगतामा भएका,

ङ) दुर्घटनामा परेका वा प्राकृतिक वा दैवी प्रकोपमा परेका,

च) हिंसाबाट प्रभावित एवं पिडित भएका,

छ) हराएको वा वेवारिसे अवस्थामा फेला परेका,

ज) ऋणको कारणले बन्धकमा रहेका वा जबरजस्ती श्रममा लगाई पिडित भएका,

झ)बाबु/आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसंग सम्बन्धीत रहेको कारणले बेवारिसे भएका,

ञ) बाबुआमा नभएका अनाथ वा आफन्तजनको संरक्षणबाट बंचित भएका,

ट) सुस्त मनस्थिति भएका,

ठ) अपहरण वा शरीर बन्धकमा परेका,

ड) सडक महिला तथा बालबालिका,

ढ) एच.आई.भि.संक्रमित तथा प्रभावित भएका,

ण) समितिले तोकेका अन्य बालबालिका ।

**११.निवेदन दिन सक्नेः-** यस कार्यविधिको १० नं. बुदामा उल्लेख गरिएका महिला तथा बालबालिकाहरुको संरक्षण, उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी गौरीगंगा नगरपालिकामा बसोबास गर्ने जोसुकै सरोकारवाला/व्यक्तिले वडा कार्यालयको सिफारिसमा नगरपालिका महिला तथा बाल हर्ने शाखा वा न्यायिक समितिमा विस्तृत विवरण खुल्नेगरी निवेदन दिन सक्नेछ ।

**१२.खाताको सञ्चालन** :-आपतकालिन महिला तथा बालबालिका संरक्षण कोषको रकम समितिको निर्णयले कुनै पनि नेपाल सरकारबाट मान्यता प्राप्त “क” वा “ख” बर्गको बैकमा खाता खोली जम्मा गर्न सकिनेछ । खाता सञ्चालन गर्ने क्रममा चल्ति वा बचत दुबै प्रकारको खातामा खोल्न सकिनेछ । नगरपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त हस्ताक्षरमा खाता सञ्चालनमा रहनेछ ।

**१३. लेखा परिक्षणः-** गौरीगंगा नगरपालिकाले नियुक्त गरेको लेखापरीक्षकबाट प्रत्येक बर्ष आय-व्ययको विवरणको लेखापरीक्षण गराउनुपर्नेछ ।

**१४.बैठक भत्ताः** समितिका संयोजक वा सदस्यहरुले सो समितिको बैठकमा भाग लिए वापत नगरपालिकाले तोके बमोजिमको रकम भत्ता वापत पाउनेछन ।

**१५. कोषको रकम फ्रिज नहुने** : प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभए आर्थिक बर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१६. कार्यविधिको ब्याख्या तथा संशोधन** :- यस कार्यविधिमा भएका व्यबस्थाहरुमा कुनै विवाद आएमा सञ्चालक समितिको ब्याख्या नै अन्तिम निर्णय हुनेछ साथै संशोधन आवश्यक भएमा सञ्चालक समितिले प्रमुख प्रशासकीय अधिकृत मार्फत सन्सोधन प्रस्ताव कार्यपालिका बैठकमा पेष गरी संशोधन गर्न सकिनेछ

**१७. कोष खारेज हुन सक्ने अवस्था** :- कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नभएमा प्रयाप्त कारणहरु सहित सञ्चालक समितिको निवेदनका आधारमा कार्यपालिकाले कोष खारेज गर्न सकिनेछ र कोषमा रहेको रकम नगरपालिकाको सम्पती सरह रहने छ ।

आज्ञाले
खगेन्द्र राज जोशी
प्रमुख प्रशासकिय अधिकृत